MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

# एमसिए-नेपाल समाचारपत्र

अङ्क ७ २०८० साल बैशाख - असार

## CONTENTS

☞ कार्यक्रमहरू ३
☞ विद्युत् प्रसारण आयोजना ४
☞ सडक मर्मत आयोजना १०
☞ एमसीसी नेपाल कम्प्याक्ट तथ्यहरू ११
☞ सामुदायिक आवाज १२

अद्यावधिक जानकारीका लागि

# नेपाल सरकार तथा एमसीसीबीच कार्यान्वयन पत्र आदानप्रदान



*अर्थमन्त्री डा प्रकाशशरण महत र एमसीसीका युरोप, एसिया, प्रशान्त र ल्याटिन अमेरिका मामिला हेर्ने सह-उपाध्यक्ष जोनाथन ब्रुक्सबीच २०८० साल जेठ १० गते अर्थ मन्त्रालयमा थप लगानीसम्बन्धी कार्यान्वयन पत्र आदानप्रदान गरिँदै।*

नेपाल सरकारले एमसीसी नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजना अन्तर्गत १८ किलोमिटर सीमापार प्रसारण लाइन निर्माण तथा सबस्टेशन निर्माणका क्रममा थप काम गर्नका लागि नेपाल विद्युत् प्राधिकरणको अनुरोधमा ६.७० करोड अमेरिकी डलर थप लगानी गर्ने भएको छ।

अर्थमन्त्री डा. प्रकाशशरण महत र एमसीसीका युरोप, एसिया, प्रशान्त र ल्याटिन अमेरिकी मामिला हेर्ने सह-उपाध्यक्ष जोनाथन ब्रुक्सद्वारा २०८० साल जेठ १० गते हस्ताक्षर गरिएको कार्यान्वयन पत्रमार्फत उक्त थप लगानी समावेश गरिएको हो।

मन्त्रिपरिषद्को २०८० साल जेठ ९ गतेको बैठकले कम्प्याक्टमा गर्न लागिएको उक्त थप लगानीका लागि स्वीकृति प्रदान गरेको थियो।

नेपाल सरकारको तर्फबाट एमसीसी नेपाल कम्प्याक्टमा थपिएको ६.७० करोड डलर विद्युत् प्रसारण आयोजनाको थप कार्यमा उपयोग गरिनेछ। यसले नेपाल-भारत सीमापार प्रसारण लाइन निर्माण र तीनवटा सबस्टेशनमा धेरै वटा थप 'बे' जडान सुनिश्चित गर्नेछ।

यसैगरी, कार्यान्वयन पत्रमा उल्लेख गरिए अनुसार दिगोपना एवं लागतमैत्री र नवीन प्रविधिको प्रयोगमा सडक विभागले दिएको जोडलाई सम्बोधन गर्न तथा बजारमा भएको सामग्री तथा वस्तुहरूको समष्टिगत मूल्यवृद्धिसम्बन्धमा समेत विचार पुऱ्याउन सडक मर्मत आयोजनाको कार्यक्षेत्र समायोजन गरिएको छ।

परिवर्तित कार्यक्षेत्र अनुसार "परीक्षण" कार्यमा सीमित राखिएको पेभमेण्ट रिसाइक्लिङ कार्य करिब ४० किलोमिटर सडक खण्डमा गरिने भएको छ भने आवधिक मर्मत कार्य यस अघि उल्लेख गरिएजस्तो बढीमा ३०५ किलोमिटरमा नभई बढीमा ९० किलो मिटर सडक खण्डमा हुनेछ। यस अनुसार अब राष्ट्रिय सडक सञ्जालको कुल १३० किलोमिटर सडक खण्ड आयोजनाको कार्यक्षेत्र हुनेछ। यो परिवर्तनले सडक मर्मत आयोजनाको कुल बजेटमा प्रभाव पार्ने छैन।



# एमसीसी सह-उपाध्यक्ष ब्रुक्सद्वारा रातमाटे जीविकोपार्जन पुनर्स्थापना कार्यान्वयनस्थलको भ्रमण

एमसीसीका युरोप, एसिया, प्रशान्त र ल्याटिन अमेरिका मामिला हेर्ने सह-उपाध्यक्ष जोनाथन ब्रुक्स र एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्टले २०८० साल जेठ ७ गते नुवाकोटको बेलकोटगढी नगरपालिकाको रातमाटेस्थित जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम कार्यान्वयनस्थलको स्थलगत अवलोकन भ्रमण गर्नुभएको छ ।

उक्त कार्यक्रम अन्तर्गत सञ्चालन भइरहेका क्रियाकलापहरूको अवलोकन गर्नु र आयोजनाबाट प्रभावित व्यक्तिहरूले जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम अन्तर्गत प्रदान गरिएका तालिमहरूबाट प्राप्त गरेका लाभबारे अन्तरक्रिया गर्नु उक्त भ्रमणको उद्देश्य रहेको थियो ।

अन्तरराष्ट्रिय मापदण्ड अनुरूप तयार गरिएको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्गका रूपमा रहेको यस कार्यक्रमले आयोजना निर्माणस्थलबाट भौतिक तथा आर्थिक रूपमा विस्थापित स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा सुधार सुनिश्चित गर्दछ ।

हाल उक्त कार्यक्रमबाट २७२ जना आयोजना प्रभावित लाभान्वित भइरहेका छन् । उहाँहरूमध्ये १०८ जना कृषि र पशुपालन क्रियाकलापमा आवद्ध हुनुहुन्छ भने बाँकी १६४ जनालाई उहाँहरूकै स्वतन्त्र छनोटका आधारमा विभिन्न १८ किसिमका व्यावसायिक तथा सीप विकास तालिम उपलब्ध गराइएको छ ।



*एमसीसीका युरोप, एसिया, प्रशान्त र ल्याटिन अमेरिका मामिला हेर्ने सह-उपाध्यक्ष जोनाथन ब्रुक्स र एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट २०८० साल जेठ ७ गते बेलकोटगढी नगरपालिका नुवाकोटमा रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रमका लाभग्राहीसँग ।*

# नेपाल विद्युत् प्राधिकरणसँग आयोजना सहयोग सम्झौता



*एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट र नेपाल विद्युत् प्राधिकरण प्रसारण निर्देशनालयका उप-कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ एमसीसीका कामु आवासीय राष्ट्रिय निर्देशक सञ्जय पौड्याल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्को उपस्थितिमा २०८० साल जेठ १६ गते आयोजना सहयोग सम्झौतामा हस्ताक्षर गर्नुहुँदै ।*

एमसिए-नेपालले २०८० साल जेठ १६ गते नेपाल विद्युत् प्राधिकरणसँग आयोजना सहयोग सम्झौता गरेको छ ।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट र नेपाल विद्युत् प्राधिकरण प्रसारण निर्देशनालयका उप-कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्को उपस्थितिमा उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो ।

एमसिए-नेपाल र नेपाल विद्युत् प्राधिकरणले विद्युत् प्रसारण आयोजना कार्यान्वयनमा सघाउनका लागि कार्यगत साझेदारी गर्न उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

## इच्छुक निर्माण व्यवसायीहरूका लागि स्थलगत भ्रमण

एमसिए-नेपालले २०८० साल वैशाख ७ गतेदेखि १० गतेसम्म विद्युत् प्रसारण आयोजना अन्तर्गत सबस्टेशन निर्माणका लागि इच्छुक निर्माण व्यवसायीहरूका लागि आयोजना निर्माणस्थलको भ्रमण आयोजना गरेको छ ।

नुवाकोटको बेलकोटगढी नगरपालिका रातमाटेमा निर्माण हुने राटमाटे सबस्टेशन, तनहुँको व्यास नगरपालिकामा निर्माण हुने नयाँ दमौली सबस्टेशन र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुनवल नगरपालिका भूमहीमा निर्माण हुने नयाँ बुटवल सबस्टेशन गरी तीनवटा ४०० केभि क्षमताका इण्डोर ग्यास इन्सुलेटेड सबस्टेशन निर्माणका लागि इच्छुक निर्माण व्यवसायीका लागि उक्त भ्रमण आयोजना गरिएको थियो ।

निर्माणस्थल भ्रमणमा विभिन्न ११ कम्पनीका २५ जना प्रतिनिधि सहभागी हुनुभएको थियो । भ्रमणका क्रममा एमसिए-नेपालका प्रतिनिधिले सबस्टेशन निर्माणका विषयमा भ्रमण टोलीबाट आएका जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो ।



*एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गत सबस्टेशन निर्माणका लागि इच्छुक र सम्भाव्य निर्माण व्यवसायीहरू सबस्टेशन निर्माणस्थलमा ।*

एमसिए-नेपालले इच्छुक योग्य निर्माण व्यवसायीबाट सबस्टेशन डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नताका लागि बोलपत्र प्रस्ताव गर्न आह्वान गर्दै २०७९ साल चैत १० गते खरिदसम्बन्धी सूचना प्रकाशन गरेको थियो ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८० साल भदौ १८ गते तोकिएको छ ।

## इच्छुक निर्माण व्यवसायीसँग छलफल

एमसिए-नेपालले ४०० केभि क्षमताका तीनवटा सबस्टेशन निर्माणका लागि इच्छुक र सम्भाव्य निर्माण व्यवसायीसँग २०८० साल वैशाख १२ गते बोलपत्र पेश गर्नुपूर्वको छलफल कार्यक्रम आयोजना गरेको छ ।

उक्त छलफल सबस्टेशन डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नताका लागि बोलपत्रमा तोकिएका प्रावधानका साथसाथै खरिद प्रक्रियाका मुख्य आवश्यकताहरूमा केन्द्रित थियो ।

एमसिए-नेपालका उप-कार्यकारी निर्देशक - व्यवस्थापन शालिनी त्रिपाठीले उक्त छलफल कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै योग्य इच्छुक निर्माण व्यवसायीहरूका लागि यस अघि आयोजनास्थल भ्रमण समेत गराई सकिएको पुनःस्मरण गराउनुभयो । छलफल कार्यक्रमबाट बोलपत्र दाखिला गर्नुपूर्व सबै विषयमा राम्ररी जानकारी हासिल गर्न सहयोग हुने बताउँदै उहाँले छोटो प्रस्तुतिमार्फत सहभागीहरूलाई एमसिए-नेपाल, एमसीसी र आयोजनाको पछिल्लो जानकारी दिनुभयो ।



*विद्युत् प्रसारण आयोजना अन्तर्गत सबस्टेशन व्यवस्थापक सञ्जयकुमार शर्मा एमसिए-नेपालले २०८० साल वैशाख १२ गते आयोजना गरेको निर्माण व्यवसायीसँगको छलफल कार्यक्रममा सम्बोधन गर्नुहुँदै ।*

विद्युत् प्रसारण आयोजना अन्तर्गत सबस्टेशन व्यवस्थापक सञ्जयकुमार शर्माले प्रस्तावित सबस्टेशनहरूको प्राविधिक जानकारी, आयोजनाको समयसीमा, आयोजनास्थलमा पहुँच र आयोजनाका अन्य आवश्यकताहरूबारे प्रकाश पार्नुभयो ।

एमसिए-नेपालका परामर्शदाता तथा डीटी ग्लोबल नेपालका खरिद एजेण्ट लुइस भिल्लाल्टाले बोलपत्रसम्बन्धी कागजपत्र तयारी, बोलपत्र दाखिला गर्दा हुनसक्ने सामान्य त्रुटिहरू, समयसीमा, खरिद प्रक्रिया र एमसिए-नेपालका खरिदसम्बन्धी सिद्धान्त र मार्गनिर्देशिकाबारे चर्चा गर्नुभयो ।

छलफल कार्यक्रमका सहभागीहरूलाई आयोजना कार्यान्वयनका क्रममा पूरा गर्नुपर्ने अन्य आवश्यकताहरू, एमसीसीको वातावरणीय निर्देशिका, वातावरणीय, सामाजिक, स्वास्थ्य र सुरक्षा व्यवस्थापन योजना र सामाजिक तथा लैङ्गिक समावेशीकरण योजनाहरूबारे समेत जानकारी प्रदान गरिएको थियो । छलफल कार्यक्रममा विभिन्न कम्पनीका ५६ जनाले सहभागिता जनाउनुभएको थियो ।



*एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गत ४०० केभि क्षमताको सबस्टेशन निर्माणका लागि इच्छुक एवं सम्भाव्य निर्माण व्यवसायीहरू एमसिए-नेपालले २०८० साल वैशाख १२ गते आयोजना गरेको छलफल कार्यक्रममा ।*

# वाग्मती प्रदेशका प्रदेश सभा सदस्यहरूसँग परामर्श कार्यक्रम

एमसिए-नेपालले वाग्मती प्रदेशको राजधानी हेटौँडामा २०८० साल वैशाख १३ गते वाग्मती प्रदेश सभाका सदस्यहरूसँग परामर्श बैठक आयोजना गरेको छ ।

परामर्श बैठकको उद्देश्य विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने जिल्लाबाट निर्वाचित प्रदेश सभा सदस्यहरूलाई आयोजनाबारे जानकारी गराउनु रहेको थियो ।

वाग्मती प्रदेशका नौ जना प्रदेश सभा सदस्यहरू सहभागी हुनुभएको उक्त छलफल कार्यक्रममा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले आयोजनाको पछिल्लो जानकारी गराउँदै सहभागीहरूलाई राष्ट्रिय गौरवको आयोजना कार्यान्वयनमा सहयोगका लागि आग्रह पनि गर्नुभयो ।

सहभागी प्रदेश सभा सदस्यहरूले आयोजना कार्यान्वयनका लागि जग्गा प्राप्ति र रुख कटानी प्रक्रियाबारे प्रश्न गर्दै आयोजना कार्यान्वयनमा सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको थियो ।



*एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट वाग्मती प्रदेशका प्रदेश सभा सदस्यहरूलाई २०८० साल वैशाख १३ गते आयोजित अन्तरक्रिया कार्यक्रममा आयोजनाबारे जानकारी गराउनुहुँदै ।*

# प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्र खोलियो



*एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट २०८० साल जेठ ८ गते प्रसारण लाइन निर्माणको बोलपत्र खोल्ने कार्यक्रममा सहभागी निर्माण व्यवसायीहरूलाई प्रसारण लाइन निर्माणमा चासो दिई प्रतिस्पर्धामा सहभागी हुनुभएकोमा धन्यवाद ज्ञापन गर्नुहुँदै ।*




*विद्युत् प्रसारण आयोजना अन्तर्गत प्रसारण लाइन निर्माणको बोलपत्र खोल्ने कार्यक्रम २०८० साल जेठ ८ गते आयोजना गरिँदै ।*

एमसिए-नेपालले २०८० साल जेठ ८ गते विद्युत् प्रसारण आयोजना अन्तर्गत प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्र खोलेको छ ।

तोकिएको समयसीमाभित्र छ वटा भारतीय निर्माण कम्पनीले बोलपत्र पेश गरेकोमा ती कम्पनीका प्रतिनिधिहरूको उपस्थितिमा बोलपत्र खोलिएको थियो ।

प्रसारण लाइन निर्माणको बोलपत्रलाई तीनवटा लटमा विभाजन गरिएको छ । लट नं. १ मा ११७ किलोमिटरको लप्सीफेदी - रातमाटे - नयाँ हेटौँडा रहेको छ भने लट नं. २ मा ९० किलोमिटरको रातमाटे - नयाँ दमौली र लट नं. ३ मा १८ किलो मिटरको नयाँ बुटवल - नेपाल-भारत सीमाको विकल्पसहित ९० किलोमिटर नयाँ दमौली - नयाँ बुटवल खण्ड रहेको छ ।

प्राप्त बोलपत्र अनुसार सबै लटका लागि मेघा इञ्जिनियरिङ्ग एण्ड इन्फ्रास्ट्रक्चर लिमिटेडको संयुक्त, कल्पतरु पावर ट्रान्समिसन लिमिटेडले लट नं. १ र २ का लागि, केईसी इण्टरनेशलन लिमिटेडले लट नं. २ र ३ का लागि, ट्रान्सरेल लाइटिङ लिमिटेडले लट नं. १ का लागि, टाटा प्रोजेक्ट्स लिमिटेडले लट नं. २ र ३ का लागि र लार्सन एण्ड टब्रो लिमिटेडले लट नं. १ र ३ का लागि बोलपत्र पेश गरेका छन् ।

प्रसारण लाइनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नताका लागि शिलबन्दी बोलपत्र आह्वान गर्दै २०७९ साल मङ्सिर १२ गते खरिदसम्बन्धी सूचना प्रकाशन गरिएको थियो ।

# जग्गा प्राप्ति प्रक्रियामा सहजीकरणका लागि प्रमुख जिल्ला अधिकारीसँग कार्यशाला

एमसिए-नेपालले जग्गा अधिग्रहण प्रक्रियामा सहजीकरणका लागि आयोजना प्रभावित पाँच जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग २०८० साल असार ५ गते काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा कार्यशाला आयोजना गरेको छ ।

प्रसारण लाइन निर्माणका लागि आवश्यक जग्गा प्राप्तिमा समान धारणा विकास गर्न आयोजित उक्त कार्यशालामा सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट, धादिङ्ग र चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको उपस्थिति थियो ।

कार्यशालाको अध्यक्षता अर्थ मन्त्रालयका सचिव एवं एमसिए-नेपाल सञ्चालक समितिका अध्यक्ष अर्जुनप्रसाद पोखरेलले गर्नुभएको थियो ।

कार्यशालामा अर्थ मन्त्रालयका सचिव पोखरेलले प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्ति चुनौतिपूर्ण भए पनि आयोजना निर्माणका लागि तोकिएको समयसीमाभित्र जग्गा प्राप्ति गर्नु महत्वपूर्ण भएको उल्लेख गर्नुभयो ।



*काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा २०८० साल असार ५ गते आयोजित आयोजना प्रभावित पाँच जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँगको कार्यशाला ।*

उहाँले प्रसारण लाइन निर्माणका विषयमा नीतिगत तहका विषय सम्बोधनका लागि प्रतिवद्धता पनि व्यक्त गर्नुभयो ।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्टले जग्गा प्राप्ति प्रक्रियाको पछिल्लो जानकारी प्रस्तुत गर्दै एमसीसी कम्प्याक्ट कार्यान्वयनमा जानुपूर्व निर्माणस्थलमा पहुँचको महत्वबारे प्रकाश पार्नुभयो ।

उहाँले जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुसार नौ जिल्लामा मुआब्जा निर्धारण समिति बनेको र दुई जिल्लाका प्रारम्भिक कारबाही प्रतिवेदन सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीसमक्ष पेश भइसकेको जानकारी पनि गराउनुभयो ।

## जग्गा प्राप्तिसम्बन्धी सूचना जारी

प्रसारण लाइनका लागि जग्गा प्राप्तिसम्बन्धी सूचना नौ जिल्लामा प्रकाशित गरिएको छ ।

सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको बैठकका निर्णयका आधारमा विभिन्न मितिमा ती सूचना प्रकाशित गरिएका थिए ।

जग्गा प्राप्तिसम्बन्धी सूचना नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा २०७९ साल माघ १७ गते प्रकाशित गरिएको थियो । यसैगरी चितवन जिल्लामा २०७९ माघ १८ गते, पाल्पा, धादिङ्ग र तनहुँ जिल्लामा २०७९ साल फागुन २३ गते, मकवानपुरमा २०७९ साल चैत १२ गते, नुवाकोटमा २०८० साल वैशाख ५ गते र सिन्धुपाल्चोकमा वैशाख १२ गते उक्त सूचना प्रकाशित गरिएका थिए ।

एमसिए-नेपालले सूचना प्रकाशन गर्नुपुर्व आयोजना प्रभावित जिल्लाहरूमा सरोकार वालाहरूसँगको बैठक आयोजना गरेको थियो ।

उक्त कार्यहरू जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६ अनुसार जग्गा प्राप्तिको प्रारम्भिक कारबाहीको अङ्गको रूपमा रहेको छ ।

## गुनासो सम्बोधनका लागि तनहुँको अत्रौलीमा परामर्श कार्यक्रम

एमसिए-नेपालले तनहुँ जिल्लाको घिरिङ्ग गाउँपालिका वडा नं. १ अत्रौलीमा २०८० साल जेठ १३ गते स्थानीय समुदायसँग परामर्श कार्यक्रम आयोजना गरेको छ । उक्त परामर्श कार्यक्रम प्रसारण लाइनको विषयमा प्राप्त गुनासो सम्बोधनका लागि आयोजना गरिएको थियो ।

परामर्श कार्यक्रम तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी काशी राम गैरे, घिरिङ्ग गाउँपालिकाकी उपाध्यक्ष राधादेवी अधिकारी, घिरिङ्ग गाउँपालिका वडा नं. १ का अध्यक्ष र विचन्द्र घोरासिनी र करिब २० जना प्रभावित स्थानीय वासिन्दाको उपस्थितिमा आयोजना गरिएको थियो ।

एमसिए-नेपालले आयोजना कार्यान्वयनमा जानुपूर्व आयोजना कार्यान्वयन हुने १० जिल्लाका प्रभावित समुदायबाट प्राप्त गुनासा सम्बोधनको सुनिश्चितताका लागि निरन्तर छलफल र परामर्श कार्यक्रम गरिरहेको छ ।



*तनहुँ जिल्लाको घिरिङ्ग गाउँपालिका वडा नं. १ अत्रौलीमा २०८० साल जेठ १३ गते स्थानीय समुदायसँग आयोजित परामर्श कार्यक्रम ।*

# जग्गा प्राप्तिसम्बन्धमा सिन्धुपाल्चोक र नुवाकोटमा सरोकारवालाहरूसँग बैठक

एमसिए-नेपालले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६ को व्यवस्था अनुसार जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारबाहीको सूचना प्रकाशन गर्नका लागि सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा सरोकार वालाहरूसँगको बैठक आयोजना गरेको छ ।

सरोकारवालाहरूको बैठक नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी किरण थापाको अध्यक्षतामा २०७९ साल चैत २७ गते बसेको थियो भने सिन्धुपाल्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेको अध्यक्षतामा २०८० साल वैशाख ८ गते बसेको थियो । दुवै बैठकले जग्गा प्राप्ति ऐन, २०३४ अनुसार प्रारम्भिक कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गरेका थिए ।

यस्ता बैठकहरू विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने १० वटै जिल्लामा भइरहेका छन् ।



*नुवाकोट जिल्लामा जग्गा प्राप्तिका लागि २०७९ साल चैत २७ गते आयोजित प्रारम्भिक कारबाहीको सूचना जारी गर्नुपूर्व बसेको बैठक ।*



*एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट २०८० साल वैशाख ८ गते सिन्धुपाल्चोक जिल्लामा जग्गा प्राप्तिका लागि प्रारम्भिक कारबाहीको सूचना जारी गर्नुपूर्व आयोजित सरोकारवालाहरूसँगको बैठकमा आयोजनाबारे जानकारी गराउनुहुँदै ।*

# जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारबाहीको प्रतिवेदन प्रस्तुत

एमसिए-नेपालले चितवन र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाहरूमा जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कारबाहीको प्रतिवेदन प्रस्तुत गरेको छ ।

चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसमक्ष २०८० साल जेठ ३ गते र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालसमक्ष २०८० साल जेठ ४ गते प्रारम्भिक कारबाहीको प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

यसको अर्को चरणका रूपमा दुवै जिल्ला प्रशासन कार्यालयहरूले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ अनुसारको सूचना प्रकाशन गर्ने निर्णय गरेका छन् ।

यस्ता बैठकहरू विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने १० जिल्लामा हुनेछन् ।

जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुसार १० जिल्लामध्ये नौ जिल्लामा मुआब्जा निर्धारण समिति गठन भएसँगै एमसिए-नेपालले विद्युत् प्रसारण लाइन निर्माणका लागि आवश्यक जग्गा प्राप्ति प्रक्रियालाई तीव्रता दिएको छ ।



*एमसिए-नेपालका वातावरण तथा सामाजिक विज्ञ-जग्गा अधिग्रहण हरिकृष्ण उप्रेती २०८० साल जेठ ४ गते नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साललाई जग्गा अधिग्रहणसम्बन्धी प्रारम्भिक कारबाहीको प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै ।*



*चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल चितवन जिल्लामा जग्गा अधिग्रहणसम्बन्धी प्रारम्भिक कारबाहीको प्रतिवेदन प्रस्तुत गर्न २०८० साल जेठ ३ गते आयोजित बैठकलाई सम्बोधन गर्नुहुँदै ।*

# प्रसारण लाइनमुनि पर्ने जग्गाको स्थलगत प्रमाणीकरण

एमसिए-नेपालले सिन्धुपाल्चोक, मकवानपुर र नुवाकोट जिल्लामा प्रसारण लाइनमुनि पर्ने जग्गाको नापनक्सा लिई सम्बन्धित जिल्ला नापी कार्यालयका सरकारी नापीहरूबाट प्रमाणीकरण सम्पन्न गरेको छ ।

उक्त प्रमाणीकरण कार्य मकवानपुर जिल्लामा २०७९ साल चैत २४ गतेदेखि २०८० साल जेठ १४ गतेसम्म, नुवाकोटमा २०८० साल जेठ ९ गतेदेखि असार असार ५ गतेसम्म र सिन्धुपाल्चोक जिल्लामा २०८० साल जेठ १८ गतेदेखि ३१ गतेसम्म सञ्चालन भएको थियो ।

योसँगै नौ जिल्लामा विवादित केही टावरबाहेक अन्य जग्गाको नापनक्सा लिई प्रमाणीकरण कार्य सम्पन्न भएको छ ।

नापनक्सा प्रमाणीकरण कार्य ३१५ किमि लामो दोहोरो सर्किटयुक्त प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुसार जग्गा प्राप्ति कार्यका लागि गरिने प्रारम्भिक कारबाहीको प्रक्रिया अन्तर्गत पर्दछ ।

नापनक्सा सङ्कलन गरी प्रमाणीकरण गरिएसँगै एमसिए-नेपालले सोही ऐनको दफा ८ अनुसारको प्रारम्भिक कारबाहीको प्रतिवेदन तयार गर्नेछ ।



*मकवानपुर जिल्लामा प्रसारण लाइनको मार्गमा पर्ने जग्गाको स्थलगत प्रमाणीकरण गरिँदै ।*



*सिन्धुपाल्चोक जिल्लामा प्रसारण लाइनको मार्गमा पर्ने जग्गाको स्थलगत प्रमाणीकरण गरिँदै ।*



*नुवाकोट जिल्लामा प्रसारण लाइनको मार्गमा पर्ने जग्गाको स्थलगत प्रमाणीकरण गरिँदै ।*

# सिन्धुपाल्चोकमा सामुदायिक वन उपभोक्तासँग परामर्श

नेपालले २०८० साल चैत १७ गते सिन्धुपाल्चोक जिल्लामा सामुदायिक वन उपभोक्तासँग परामर्श कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त परामर्श कार्यक्रम विद्युत् प्रसारण आयोजना प्रभावित जिल्लाका सामुदायिक वन उपभोक्तालाई वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका नतिजा जानकारी गराउनु र रुखगण्ना तथा पुनर्वास कार्ययोजना तयारी टोली परिचालनपूर्व सुसूचित गर्नु रहेको थियो ।

एमसिए-नेपालको टोलीले परामर्शबाट प्राप्त निष्कर्षका आधारमा प्रभावित वन उपभोक्ता समूहहरूमा पर्नसक्ने आयोजनाको प्रभावलाई अभिलेखीकृत गरी थप मूल्याङ्कन गर्नेछ ।

प्रसारण लाइन र सबस्टेशनको निर्माणका क्रममा केही राष्ट्रिय वनमा प्रभावित हुने निश्चित छ र केही हदसम्म रुख कटानी पनि गर्नुपर्नेछ । विद्युत् प्रसारण लाइन १२१ सामुदायिक वन र आठ वटा कबुलियती वन भएर जाने अनुमान गरिएको छ ।




*एमसिए-नेपालका गुणस्तर व्यवस्थापक - वातावरण, स्वास्थ्य र सुरक्षा श्यामकृष्ण उपाध्याय २०७९ साल चैत १७ गते सिन्धुपाल्चोक जिल्लामा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिसँग अन्तरक्रिया गर्नुहुँदै ।*

# आयोजना प्रभावित दुई जिल्लामा घरधुरी सर्वेक्षण





*चितवन र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा आयोजना प्रभावित परिवारको सामाजिक-सांस्कृतिक, जनसाङ्खिक र आर्थिक तथ्याङ्क सङ्कलन गरिँदै ।*

एमसिए-नेपालले चितवन र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा आयोजना प्रभावित परिवारको सामाजिक-सांस्कृतिक, जनसाङ्खिक र आर्थिक तथ्याङ्क सङ्कलनका लागि घरधुरी सर्वेक्षण सम्पन्न गरेको छ ।

चितवन जिल्लामा उक्त सर्वेक्षण २०८० साल जेठ ७ गतेदेखि ११ गतेसम्म र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा २०८० साल जेठ २३ गतेदेखि २८ गतेसम्म गरिएको थियो ।

यस्तो सर्वेक्षण आयोजना कार्यान्वन हुने १० वटै जिल्लामा सञ्चालन गरिनेछ ।

उक्त प्रक्रिया एमसिए-नेपालको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्ग हो ।

# रातमाटे जीविकोपार्जन पुन:स्थापना कार्यक्रम

## *प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण*

एमसिए-नेपालले जीविकोपार्जन पुन:स्थापना कार्यक्रम अन्तर्गत नुवाकोट जिल्लाको रातमाटेमा विभिन्न तालिम सम्पन्न गर्नुभएका आयोजना प्रभावितहरूलाई २०८० साल जेठ १८ र १९ गते प्रमाणपत्र वितरण गरेको छ ।

उक्त कार्यक्रम कृषि ज्ञान केन्द्रका प्रमुम केशव खनाल र एमसिए-नेपालका उपकार्यकारी निर्देशक-आयोजना कार्यान्वयन महेश आचार्यको उपस्थितिमा बेलकोटगढी नगरपालिका वडा नं. ७ मा सम्पन्न भएको थियो ।

कार्यक्रममा बाख्रापालन तालिममा सहभागी ४२ जना, कुखुरापालन तालिममा सहभागी २४ जना र व्यावसायिक कृषि तालिममा सहभागी ३६ जनालाई तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रमस्थलमा लाभग्राहीहरूले उत्पादन गर्नुभएको तरकारी प्रदर्शनमा राखिएको थियो ।

रातमाटे सबस्टेशन निर्माणस्थलमा आयोजना प्रभावित स्थानीय वासिन्दालाई उहाँहरूकै स्वतन्त्र छनोटको आधारमा दुई वर्षको जीविको पार्जन पुन:स्थापना कार्यक्रम अन्तर्गत आयमूलक सीप विकास तालिमहरू प्रदान गरिँदै छ ।

हाल उक्त कार्यक्रमले २७२ जनालाई समेटेको छ । उहाँहरूमध्ये १०८ जना कृषि र पशुपालनसम्बन्धी तालिममा संलग्न हुनुहुन्छ भने १६४ जना विभिन्न १८ किसिमका व्यावसायिक र सीप विकास तालिममा सहभागी हुनुहुन्छ ।

अन्तरराष्ट्रिय मापदण्ड अनुरूप तयार गरिएको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्गका रूपमा रहेको यस कार्यक्रमले आयोजनाका कारण भौतिक तथा आर्थिक रूपमा विस्थापित स्थानीय वासिन्दाहरूको जीविकोपार्जनमा सुधार सुनिश्चित गर्दछ ।





*रातमाटे जीविकोपार्जन पुन:स्थापना कार्यक्रम अन्तर्गत व्यावसायिक कृषि तालिम सम्पन्न गर्नुभएका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्नुहुँदै एमसिए-नेपालका उप-कार्यकारी निर्देशक - आयोजना कार्यान्वयन महेश आचार्य र एमसिए-नेपालका वातावरण तथा सामाजिक विज्ञ प्रकाश बस्नेत ।*



*व्यावसायिक कृषि र पशुपालन तालिमका सहभागीहरू ।*



*ब्युटिसियन तालिमका सहभागीहरू ।*

## *आयोजना प्रभावितका लागि सहकारी स्थापना*

एमसिए-नेपालको जीविकोपार्जन पुन:स्थापना कार्यक्रमको सहयोगमा महादेवफाँटमा भीमेश्वर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड स्थापना गरिएको छ ।

उक्त सहकारी संस्था २०८० साल जेठ १ गते बेलकोटगढी नगरपालिकामा दर्ता गरिएको छ ।

उक्त बहुउद्देश्यीय सहकारीले बेलकोटगढी नगरपालिकाका आयोजना प्रभावित व्यक्तिहरूलाई सबै किसिमका उद्यम तथा व्यवसाय गर्न ।

सहायक उद्योगहरू स्थापना गर्न ऋणमा पहुँच दिनुको साथै सदस्यहरूलाई बचतमा प्रोत्साहन पनि गर्नेछ ।

२०७९ साल चैत महिनादेखि २०८० साल असार महिनासम्ममा १८ जना आयोजना प्रभावित व्यक्तिहरू ५० कित्ता सेयर खरिद गर्दै सहकारीको शेयरधनी बन्नुभएको छ ।

संस्थामा ५८ जना शेयरधनी हुनुहुन्छ ।

# सडक मर्मत आयोजना

## अस्फाल्ट ल्याब उपकरणसम्बन्धी तालिम सम्पन्न



*सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल २०८० साल जेठ ५ गते प्रशिक्षार्थीहरूलाई प्रशिक्षण सम्पन्नताको प्रमाणपत्र वितरण गर्नुहुँदै ।*

एमसिए-नेपालले सडक विभागमा तीन हप्ता लामो अस्फाल्ट ल्याब उपकरणसम्बन्धी तालिम २०७९ साल फागुन ८ गतेदेखि १९ गतेसम्म र २०८० साल जेठ १ गतेदेखि ५ गतेसम्म सञ्चालन गरेको छ ।

उक्त तालिम प्राविधिक ज्ञान हस्तान्तरण सुनिश्चित गर्न, उपकरण सञ्चालन गर्न र अनुसन्धान, निर्माण र डिजाइनका काममा उपकरणको दिगोपन सुनिश्चितताका लागि आयोजना गरिएको थियो ।

तालिम समापन समारोहमा सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले सडक विभाग, इञ्जिनियरिङ्ग अध्ययन संस्थानको यातायात सङ्काय र एमसिए-नेपालका गरी कुल १२ जना प्रशिक्षार्थीलाई प्रमाणपत्र हस्तान्तरण गर्नुभयो ।



*एमसिए-नेपालले २०७९ साल फागुन ८ गतेदेखि १९ गतेसम्म र २०८० साल जेठ १ गतेदेखि ५ गतेसम्म सञ्चालन गरेको तीन हप्ता लामो अस्फाल्ट ल्याब उपकरणसम्बन्धी तालिमका सहभागीहरू तालिम समापन समारोहमा ।*

# अन्तरराष्ट्रिय खस्रोपना सूचक वर्ग १ उपकरणसम्बन्धी तालिम

एमसिए-नेपालले सडक विभागसँगको सहकार्यमा अन्तरराष्ट्रिय खस्रोपना सूचक (आईआरआई) वर्ग १ उपकरणसम्बन्धी तालिम २०८० साल जेठ २३, २४ र २९ गते सञ्चालन गरेको छ ।

तीन दिन चलेको उक्त तालिम प्रशिक्षार्थीहरूलाई सडक मर्मतका लागि तथ्याङ्क सङ्कलन र आईआरआई क्लास १ उपकरण प्रयोगसम्बन्धी सीप प्रदान गर्न आयोजना गरिएको थियो ।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले २०८० साल जेठ २९ गते आयोजित समापन समारोहमा सडक विभाग, इञ्जिनियरिङ्ग अध्ययन संस्थानको यातायात सङ्काय र एमसिए-नेपालका गरी कुल १६ जना प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।

उक्त तालिम एमसिए-नेपाल र सडक विभागबीचको आयोजना सहयोग सम्झौताको एक अंश हो ।




*एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट २०८० साल जेठ २९ गते प्रशिक्षार्थीहरूलाई प्रशिक्षण सम्पन्नताको प्रमाणपत्र वितरण गर्नुहुँदै ।*



*अन्तरराष्ट्रिय खस्रोपना सूचक (आईआरआई) वर्ग १ उपकरणसम्बन्धी तालिमका सहभागीहरू २०८० साल जेठ २९ गते आयोजित तालिम समापन कार्यक्रममा ।*

## एमसीसी नेपाल कम्प्याक्टसम्बन्धी तथ्यहरू

### कार्यान्वयनमा प्रवेश (Entry into Force – EIF)

### एमसीसी नेपाल कम्प्याक्टको मौलिक विशेषता

- कार्यान्वयनमा प्रवेश (Entry into Force – EIF) एमसीसीको कार्यान्वयन ढाँचाको अभिन्न अङ्ग हो र यसले कम्प्याक्ट अन्तर्गतका आयोजना पाँच वर्षको समयसीमाभित्र सम्पन्न गर्नका लागि आवश्यक पूर्वशर्त पूरा भएको सुनिश्चित गर्दछ ।
- सबै एमसीसी कम्प्याक्टमा आयोजना कार्यान्वयनसम्बन्धी पूर्वतयारी चरणको व्यवस्था गरिएको हुन्छ । यस चरणमा तोकिएको पाँच वर्षभित्र आयोजना कार्यान्वयन सुनिश्चित हुने गरी कम्प्याक्टमा निर्धारण गरिएका शर्तहरू पूरा गरिन्छ । एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गतको यो चरणमा पनि विभिन्न काम भइरहेका छन्, जस्तै वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, पुनर्वास कार्ययोजना, प्रसारण लाइनको मार्ग निर्धारणका लागि समुदायहरूसँग परामर्श, निर्माण व्यवसायी नियुक्ती, निर्माणस्थलमा पहुँचका लागि जग्गा प्राप्ति र रुख कटान आदि । पूर्वतयारीका कार्यहरूले आयोजना कार्यान्वयन चरणमा निर्माण कार्य कार्यान्वयन शीघ्र र विना अवरोध सम्पन्न गर्न सहयोग पुऱ्याउँछ । ती कार्यले पाँच वर्षको कम्प्याक्ट अवधिभित्र आयोजना सम्पन्न हुने सम्भावना बढाउँछ ।
- नेपाल सरकार र एमसीसीले २०७९ साल वैशाख १६ गते एक समझदारी पत्रमा हस्ताक्षर गर्दै २०८० साल भदौभित्र एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गतका सबै पूर्वतयारी कार्य सम्पन्न गरी औपचारिक कार्यान्वयनमा प्रवेश गर्ने आपसी समझदारीमा पुगेका छन् ।

# सामुदायिक आवाज

## वैदेशिक रोजगारीदेखि स्वरोजगारीसम्मको राजुको यात्रा




हरेक युवाजस्तै २९ वर्षीय राजु श्रेष्ठको पनि श्रीमती, दुई छोरी र एक छोरा सहितको आफ्नो पाँचजनाको परिवारको जीवनस्तर उकास्ने सपना थियो । नुवाकोटको बेलकोटगढी नगर पालिकास्थित खाल्टेका राजु जीविकोपार्जनका लागि मलेसियामा जानुभयो तर त्यहाँ लामो समयसम्म टिक्न भने उहाँ सक्नुभएन ।

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत रातमाटे सबस्टेशनका लागि जग्गा अधिग्रहण गर्दा राजुको जग्गा पनि अधिग्रहणका लागि तोकिएको क्षेत्रमा पर्‍यो र राजु र उहाँको परिवार त्यहाँबाट स्थानान्तरण हुनुपर्‍यो । एमसिए-नेपालले कानुनी रूपमा राजुको बुबाको नाममा रहेको २० रोपनी जग्गा अधिग्रहण गरेको थियो । यसका लागि राजुको बुबालाई उचित मुआब्जा प्रदान गरिएको थियो ।

उक्त मुआब्जा रकमबाट राजुको बुबाले उहाँलाई केही रकम प्रदान गर्नुभयो । बुबाबाट प्राप्त रकमबाट राजुले राजमार्गको छेउमा एउटा घर बनाउनुभयो । आफ्नो घर भएको स्थानको सम्भाव्यतालाई दृष्टिगत गर्दै उहाँले घरमै सानो रेस्टुरेण्ट खोल्ने निर्णय गर्नुभयो । सोही समयमा एमसिए-नेपालले पनि आयोजना प्रभावित व्यक्तिहरूको जीविकोपार्जन पुनःस्थापनाका लागि जीविकोपार्जन पुनःस्थापना कार्यक्रम शुरु गर्‍यो । सीप विकासको अवसर छनोटका लागि आयोजित परामर्श कार्यक्रममा राजुले आफ्नो रेस्टुरेण्ट व्यवसायमा टेवा पुर्‍याउने उद्देश्यले कुकको प्रशिक्षण लिने विकल्प रोज्नुभयो । त्यसपछि उहाँ दुई महिना लामो मिठाइ तथा खाजा बनाउने तालिममा सहभागी हुनुभयो ।

तालिममा प्राप्त नयाँ ज्ञान र सीपसँगै राजुले आफ्नो रेस्टुरेण्टको मेनुमा समोसा, मोमो, पकौडा र विभिन्न मिठाइ जस्ता स्वादिस्ट मिठाइ र खाजाका परिकारहरू थप्नुभयो । उहाँको परिकारको स्वाद स्थानीय समुदायले खुब मन पराए । आमाको मुख हेर्ने दिन करिब १० किलो जेरी र अन्य मिठाइ बिक्री गरी एकै दिनमा झण्डै १० हजार रुपैयाँ कमाउँदा आफ्नो कडा परिश्रमले उचित मूल्य पाएको अनुभव उहाँले गर्नुभयो ।

शुरुवातका दिनहरूमा प्राप्त सफलतासँगै राजुले अन्य चाडपर्वमा पनि मिठाइ तयार गरी बिक्री गर्ने सोच बनाउनुभएको छ। चाडपर्वहरूमा उहाँका उत्पादनको बढ्दो मागले उहाँलाई भविष्यमा आफ्नो व्यापार अझै बढाउने अवसर दिएको छ। हाल उहाँको रेस्टुरेण्टमा दैनिक तीन हजारदेखि साढे तीन हजार रुपैयाँसम्मको व्यापार भइरहेको छ । राजुले आफ्नो व्यवसाय विस्तार गर्दै रेस्टुरेण्टको मेनुमा स्वादिस्ट परिकारहरू थप गर्ने योजना बनाउनुभएको छ ।

जीविकोपार्जन पुनःस्थापना कार्यक्रमबाट प्राप्त सहयोगप्रति राजु कृतज्ञ हुनुहुन्छ । उहाँले प्राप्त गर्नुभएको तालिमबाट उहाँको पाककला परिष्कृत मात्रै भएको नभई उहाँलाई यही क्षेत्रमा उद्यमशील बन्ने आत्मविश्वास पनि प्राप्त भएको छ । आयोजना प्रभावित व्यक्तिदेखि सफल व्यवसायीसम्मको राजुको यात्रा उहाँको कडा परिश्रम र जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत उपलब्ध सहयोग र अवसरको रूपान्तरणकारी ऊर्जाको प्रतिविम्ब हो ।

एमसिए-नेपालले आफ्नो परामर्शदाता सप्रोस नेपालमार्फत दुई वर्षका लागि सञ्चालन गरिरहेको जीविकोपार्जनसम्बन्धी क्रियाकलापहरू आयोजना प्रभावित व्यक्तिहरूकै स्वतन्त्र छनोट हुन् । हाल २७२ जना आयोजना प्रभावित लाभान्वित भइरहनुभएको छ। उहाँहरूमध्ये १०८ जना कृषि र पशुपालन क्रियाकलापमा आवद्ध हुनुभएको छ भने बाँकी १६४ जनालाई विभिन्न १८ किसिमका व्यावसायिक तथा सीप विकास तालिम उपलब्ध गराइएको छ । अन्तरराष्ट्रिय मापदण्ड अनुरूप तयार गरिएको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्गका रूपमा रहेको यस कार्यक्रमले आयोजनाबाट भौतिक तथा आर्थिक रूपमा विस्थापित स्थानीय वासिन्दाहरूको जीविकोपार्जनमा सुधार सुनिश्चित गर्दछ ।

**सम्पर्कका लागि**

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर, दरवार मार्ग, काठमाडौं, नेपाल

+९७७-१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org